आज मिति २०७९ साल असार ९ गते विहानको ०१ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को एघारौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ५ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| ११ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १२ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १३ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १४ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १५ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १६ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | हिमा विष्ट महरा | का.वा. वडा अध्यक्ष वडा नं. २ | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनविर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

## एघारौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) न्यायिक समिति गठन सम्बन्धमा ।
२) बजेट तथा कार्यक्रम सम्बन्धमा ।
३) विधेयक तथा कार्यक्रमहरु पेश गर्ने सम्बन्धमा ।
४) गाउँसभामा प्रस्तुत हुने कार्यकम प्रस्तोता सम्बन्धमा ।
५) सभा सम्पन्न सम्बन्धमा ।
६) कर्मचारी सम्मान तथा पुरुष्कृत सम्बन्धमा ।
७) जग्गाको न्यूनतम मूल्यांकन कायम गर्ने सम्बन्धमा ।

## २०७९ असार ९ गते बसेको एघारौं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | न्यायिक समिति गठन सम्बन्धमा । | यस गाउँपालिका न्यायिक सम्पादनका लागि समिति गठन गर्न आवश्यक रहेको । | दोश्रो स्थानीय तह निर्वाचन पश्चात निर्वाचित सदस्यहरुबाट न्यायिक सम्पादनका लागि समितिको गठन गर्नुपर्ने भएको हुदाँ तपशिलको पदाधिकारी हुने गरी न्यायिक समिति गठन गर्ने र स्वीकृतका लागि आगामी गाउँसभामा पेश गर्ने ।<br>तपशिल<br>१) मिना थापा संयोजक<br>२) तुलसी सुनार सदस्य<br>३) हिमा विष्ट महरा सदस्य | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | बजेट तथा कार्यक्रम सम्बन्धमा । | आ.व. २०७९/०८० को लागि पेश हुने बजेट तथा कार्यक्रम पेश गर्नुपर्ने । | श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, राजश्व परामर्श समिति साथै वडा समिति र विषयगत समितिहरुबाट प्राप्त भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश हुन आएको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम अनुमोदन गर्दै स्वीकृतिका लागि आगामि गाउँसभामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | विधेयक तथा कार्यक्रमहरु पेश गर्ने सम्बन्धमा । | विधेयक तथा कार्यक्रमहरु पारित गरि पेश गर्न आवश्यक रहेको । | विभिन्न समितिहरुबाट तयार भई पेश हुन आएका विनियोजन विधेयक २०७९, आर्थिक विधेयक २०७९, तथा न्यायिक समिति प्रतिवेदन २०७९ स्वीकृतिका लागि बाह्रौं गाउँसभामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | गाउँसभामा प्रस्तुत हुने कार्यकम प्रस्तोता सम्बन्धमा । | बाह्रौ गाउँसभामा प्रस्तुत हुने कार्यक्रम प्रस्तोता छनोट गर्न आवश्यक रहेको । | बाह्रौं गाउँसभामा पेश हुने बजेट तथा कार्यक्रमलाई पेश गर्न गाउँपालिका उपाध्यक्ष मिना थापा, न्यायिक समिति प्रतिवेदन २०७९ प्रस्तुत तुलसी सुनारलाई र विभिन्न समयमा भएका कार्यपालिका बैठकको नीतिगत निर्णय पेश गर्न कार्यपालिका प्रवक्ता पवन कुमारलाई तोक्ने निर्णय गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | सभा सम्पन्न सम्बन्धमा । | बाह्रौं गाउँ सभा सम्पन्न गर्नुपर्ने । | यस गाउँपालिकाको बाह्रौं गाउँसभामा पेश हुने बजेट, योजना तथा कार्यक्रम सँग सम्बन्धित, आर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, मिति २०७७/७/७ को पहिलो कार्यपालिका वैठक देखि ११ औं कार्यपालिका वैठकबाट भएका सवै निर्णयहरु तथा न्यायीक समिति प्रतिवेदन २०७९ लाई अनुमोदन गर्न गाउँसभामा पेश गर्ने । तथा चालु बाह्रौ गाउँसभा व्यापक छलफलका साथ सम्पन्न गरी मिति २०७९/०३/१० गते समापन गर्न गाउँसभालाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ६ | कर्मचारी सम्मान तथा पुरस्कृत सम्बन्धमा । | उत्कृष्ट कर्मचारीलाई सम्मान तथा पुरस्कृत गर्ने । | आ.व. २०७८/०७९ मा कार्य सम्पादनको शिलसिलामा आफ्नो जिम्मेवारी उत्कृष्ट रुपमा कार्य सम्पन्न गर्ने कर्मचारीहरुलाई बाह्रौं गाउँसभामा सम्मानका लागि प्रमुख प्रशासकीय अधिकृतलाई १ जना कर्मचारी छनोट गरी बाह्रौ गाउँसभामा पेश गर्न जिम्मेवारी दिने साथै पुरस्कृत कर्मचारीलाई रु ५ हजार र प्रमाण पत्र वितरण गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | जग्गाको न्यूनतम मूल्यांकन कायम गर्ने सम्बन्धमा । | जग्गाको न्यूनतम मूल्यांकन कायम गर्ने आवश्यक रहेको । | मालपोत कार्यालय लिबाङ, रोल्पाको प.सं. २०७८/०७९, च.नं. १०२६, मिति २०७९/०३/०२ को प्राप्त पत्रानुसार आगामी आ.व.को लागि जग्गाको न्यूनतम मूल्यांकन कायम गर्न यस गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको न्यूनतम मूल्यांकन के कती बढाउने भनि राय मागेको हुदाँ चालु आ.व.मा रहेका सम्पूर्ण जग्गाहरुको न्यूनतम मूल्यांकनलाई १० प्रतिशतले हुने गरी बढाउन जिल्ला मालपोत कार्यालयलाई जानकारी गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |